apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २८३ ● पृष्ठ: ४ ● ११ कार्तिक २०८३ बुधबार (28 October 2026, Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## मिर्चैयाको कटारी चोकमा अव्यवस्थित अटो पार्किङ, व्यापार प्रभावित

### रुट र पार्किङ व्यवस्थापन गर्न व्यापारीको माग, ट्राफिक नियम कार्यान्वयनमा प्रश्न

**अपन दैनिक संवाददाता**
**मिर्चैया, कार्तिक १० गते**

सिरहाको व्यापारिक केन्द्र मिर्चैयास्थित कटारी चोकमा अटो तथा सिटी सफारीको अव्यवस्थित पार्किङ र सञ्चालनका कारण बजारको आवागमन प्रभावित भएको स्थानीय व्यापारीहरूले गुनासो गरेका छन् । साँघुरो सडकमा जथाभावी सवारीसाधन रोक्दा ग्राहकलाई बजार आउजाउ गर्न कठिनाइ हुनुका साथै व्यापार व्यवसायसमेत प्रभावित भएको उनीहरूको भनाइ छ।



स्थानीय व्यापारीहरूका अनुसार पार्किङ निषेधित क्षेत्रमा समेत अटो तथा सिटी सफारी रोक्ने गरिएको छ । यसले पैदलयात्री र अन्य सवारीसाधनको आवागमनमा अवरोध सिर्जना गर्नुका साथै पसलमा आउने ग्राहकलाई समेत असहज बनाएको छ।

एक स्थानीय पसलेका अनुसार ग्राहकको सहज आवागमन नहुँदा व्यापार सञ्चालनमा कठिनाइ भइरहेको छ। कतिपय अवस्थामा अटो तथा सिटी सफारी चालकले यात्रु वा ग्राहकलाई आफ्नो सवारीमा चढाउन तानातान गर्ने गरेको उनको गुनासो छ।

होटल तथा लज व्यवसायीहरू पनि बजारको अव्यवस्थित अवस्थाबाट प्रभावित भएको बताउँछन्। बाहिरबाट आएका यात्रु तथा ग्राहक सहज रूपमा बजारमा रोकिन र किनमेल गर्न नसक्ने अवस्था बनेमा होटल, लज तथा अन्य व्यवसायमा समेत असर पर्ने उनीहरूको भनाइ छ।

**चाडपर्वमा समेत व्यापार अपेक्षाअनुसार भएन**

व्यापारीहरूका अनुसार अटो तथा सिटी सफारीको अव्यवस्थित पार्किङ र सञ्चालनका कारण बजारमा किनमेल गर्न आउने ग्राहकलाई असहज भइरहेको छ। दसैंजस्ता ठूला चाडपर्वमा समेत अपेक्षाअनुसार व्यापार हुन नसकेको उनीहरूको गुनासो छ।

आगामी दीपावली तथा छठ पर्वलाई ध्यानमा राख्दै बजार व्यवस्थापनमा तत्काल सुधार गर्नुपर्ने उनीहरूको माग छ। व्यापारीहरूले कटारी चोकमा जथाभावी पार्किङ रोक्न, सवारीसाधनको रुट तथा सञ्चालन समय व्यवस्थित गर्न र ग्राहकलाई सहज रूपमा बजार आवतजावत गर्ने वातावरण बनाउन सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

केही व्यापारीले बिहान ८ बजेदेखि बेलुका ४ बजेसम्म बजारबाट बाहिर जाने अटो तथा सिटी सफारीको सञ्चालन व्यवस्थित गर्नुपर्ने सुझाव दिएका छन् । बजारको चापलाई

बाँकी पृष्ठ ३ ▶▶

## १६ किलो गाँजासहित ५६ वर्षीय पुरुष पक्राउ



**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक १० गते**

सिरहाको धनगढीमाई नगरपालिका-१४ बिहीबारे टोलबाट प्रहरीले १६ किलो २ सय ७० ग्राम गाँजा सहित एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा स्थानीय ५६ वर्षीय झनकबहादुर ठकुरी रहेका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार ठकुरीको घरमा गाँजा लुकाएर राखिएको भन्ने गोप्य सूचनाका आधारमा प्रहरीले मंगलबार उनको घरमा खानतलासी गरेको थियो।

प्रहरी प्रवक्ता एवं डिएसपी रमेश बहादुर पालका अनुसार इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब

बाँकी पृष्ठ ४ ▶▶

## रास्वपा मधेश संगठनको अडिट रिपोर्ट: तल्लो तहका नेताहरूको भूमिकामा प्रश्न

रास्वपा सहमहामन्त्री हरि ढकालको नेतृत्वमा गठित मधेश प्रदेश संगठन अडिट समितिले प्रदेश तथा पालिका संरचनामा रहेका नेताहरूकै कारण समस्या उत्पन्न भएको निष्कर्षसहित प्रतिवेदन बुझाएको छ ।




**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक १० गते**

रास्वपाको मधेश प्रदेश संगठन अडिट समितिले मधेशको पार्टी संरचनाभित्रै समस्या रहेको निर्क्योलसहित प्रतिवेदन पेस गरेको छ । सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा रहेको समितिले मधेशको सांगठनिक अवस्था उल्लेख गर्दै पार्टीमा प्रतिवेदन बुझाएको हो।

मधेशमा अधिवेशन हुन नसक्नुको कारण पहिल्याएर पार्टीमा सुझाव प्रतिवेदन पेस गर्न सहमहामन्त्री ढकालको नेतृत्वमा गत भदौमा मधेश प्रदेश संगठन अडिट समिति गठन गरिएको थियो।

उक्त समितिको थप सदस्यमा संगठन विभाग प्रमुख प्रमोद न्यौपाने, सहप्रवक्ता सुरेन्द्र चौधरी नेताहरू अशोककुमार चौधरी, जगदीश खरेल (दोलखा) र पुनम अग्रवाललाई थिए ।

मधेशको सांगठनिक वस्तुस्थिति अध्ययन गरी प्रतिवेदन पेस गर्न मधेश प्रदेशभन्दा बाहिरका नेताहरूलाई जिम्मेवारी दिइएको थियो । मधेशकै नेताहरू खटाउँदा यथार्थ विवरण आउन नसक्ने विश्लेषणसहित अन्य प्रदेशका नेताहरूलाई जिम्मेवारी दिइएको रास्वपाले जनाएको छ।

मधेशका आठै जिल्ला पुगेर स्थानीय नेता/कार्यकर्ताहरूसँग समितिले

बाँकी पृष्ठ ४ ▶▶

## गोलबजारका तत्कालीन मेयरसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा

### हाटबजारको राजस्व हिनामिना र गैरकानुनी कर छुटको आरोप, एक करोड ६० लाखभन्दा बढी बिगो दाबी

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक १० गते**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहाको गोलबजार नगरपालिकाका तत्कालीन नगरप्रमुख देवनाथ साह तेलीसहित सात जनाविरुद्ध भ्रष्टाचारको आरोपमा विशेष अदालतमा आरोपपत्र दायर गरेको छ । पशु, बाख्रा तथा गुद्री हाटबजारको राजस्व संकलन र कर छुटमा अनियमितता गरेको आरोपमा आयोगले उनीहरूविरुद्ध कुल एक करोड ६० लाख ४६ हजार ३४४ रुपैयाँ १० पैसा बिगो दाबी गरेको हो।




आरोपपत्रमा तत्कालीन नगरप्रमुख तेली, उपप्रमुख रेशमकुमारी थापा, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसी, निमित्त प्रमुख प्रशासकीय अधिकृत रामनारायण महतो, प्रशासकीय अधिकृत अनन्तकुमार पौड्याल, राजस्व शाखा प्रमुख दिनेशकुमार सहनी र ठेकेदार वीरेन्द्रकुमार यादवलाई प्रतिवादी बनाइएको छ।

आयोगका अनुसार आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा नगरपालिकाअन्तर्गतका हाटबजार सञ्चालन तथा राजस्व असुलीका क्रममा अनियमितता भएको पाइएको छ । ठेक्का व्यवस्थापनमा कानुनी प्रक्रिया पालना नगरेको, असुल गर्नुपर्ने राजस्व पूर्ण रूपमा असुल नगरेको र अधिकारक्षेत्रबाहिर गएर कर छुट दिएको आरोप उनीहरूमाथि लगाइएको छ।

**प्रतिस्पर्धाबिना हाटबजार सञ्चालनको जिम्मा**

आरोपपत्रअनुसार गोलबजार नगरपालिकाका वडा नम्बर ६ र ७ अन्तर्गतका पशु हाटबजार, बाख्रा हाटबजार तथा गुद्री हाटबजारबाट राजस्व संकलन गर्ने जिम्मेवारी ठेकेदार यादवलाई अमानतमा दिइएको थियो।

नगरपालिकाले प्रचलित कानुनी व्यवस्था र निर्धारित प्रक्रियाविपरीत हाटबजार सञ्चालन तथा राजस्व संकलनको जिम्मेवारी दिएको र त्यसबाट असुल गर्नुपर्ने रकम पूर्ण रूपमा असुल नगरेको आयोगको दाबी छ।

आयोगले ठेकेदारबाट असुल गर्नुपर्ने राजस्व असुल नगर्दा नगरपालिकालाई एक करोड ३३ लाख ११ हजार ४३१ रुपैयाँ १० पैसा बराबरको हानि-नोक्सानी पुगेको आरोपपत्रमा उल्लेख गरेको छ।

**कानुनविपरीत कर छुट दिएको आरोप**

आयोगले नगरपालिकाले कर छुट दिने अधिकारक्षेत्रसमेत उल्लंघन गरेको आरोप लगाएको छ । नगर कार्यपालिकाको २०७८ साउन ४ गतेको बैठकबाट नगरसभाको अधिकारक्षेत्रभित्र पर्ने कर छुटसम्बन्धी निर्णय गरिएको आयोगको दाबी छ।

आयोगका अनुसार उक्त निर्णयबाट २७ लाख ३४ हजार ९१३ रुपैयाँ राजस्व छुट भएको थियो । राजस्व असुलीमा भएको हानि-नोक्सानी र गैरकानुनी रूपमा दिइएको कर छुट जोड्दा सार्वजनिक सम्पत्तिमा कुल एक करोड ६० लाख ४६ हजार ३४४ रुपैयाँ १० पैसा बराबरको हानि-नोक्सानी पुगेको आयोगको निष्कर्ष छ।

**प्रतिवादीको भूमिकाअनुसार बिगो दाबी**

आयोगले तत्कालीन नगरप्रमुख तेली, उपप्रमुख थापा, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत केसी र ठेकेदार यादवविरुद्ध जनही एक करोड ६० लाख ४६ हजार ३४४ रुपैयाँ १० पैसा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सजायको मागदाबी गरेको जनाएको छ।

त्यस्तै, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत महतो, प्रशासकीय अधिकृत पौड्याल र राजस्व शाखा प्रमुख सहनीविरुद्धको बिगो तथा सजायसम्बन्धी मागदाबी

बाँकी पृष्ठ २ ▶▶






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

# मधेशमा स्थिर सरकार बनाउ

मधेश प्रदेशमा फेरि सत्ता समीकरणको खेल सुरु भएको छ। नेपाली कांग्रेस संसदीय दलका नेता एवं मुख्यमन्त्री कृष्णा यादव आफ्नो नेतृत्वको सरकार जोगाउन दौडधुपमा छन्। विपक्षी दलहरू नयाँ सत्ता समीकरण निर्माणको गृहकार्यमा जुटेका छन् । एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता छ । आफ्नै दल नेपाली कांग्रेसका २२ र नेकपाका १५ गरी ३७ सांसदको समर्थन रहेको मुख्यमन्त्रीलाई सरकार टिकाउन ५४ सांसद चाहिन्छ । यस्तो अवस्थामा जसपा नेपाल वा एमालेमध्ये कुनै एकको समर्थन प्राप्त गर्नुपर्छ । मधेश प्रदेशको राजनीति फेरि सत्ता प्राप्ति र सत्ता रक्षाको चक्रमा फसेको छ। १ सय ७ सदस्यीय मधेश प्रदेशसभामा २७ सिटसहित जसपा नेपाल सबैभन्दा ठूलो दल हो भने २३ सिटसहित एमाले दोस्रो ठूलो दलका रूपमा छ। कांग्रेसका २२, नेकपाका १५ र जनमत पार्टीका १२ सांसद छन् । संघीय समाजवादी पार्टी र राप्रपाका एक-एक सांसद छन् । दलहरूको यही शक्ति सन्तुलनले सरकार गठन र सञ्चालनलाई जटिल बनाएको छ। तर, संसदीय व्यवस्थामा दलहरूबीच मतभेद हुनु र सरकार परिवर्तन हुनु अस्वाभाविक होइन् । सरकार गठनको सम्पूर्ण प्रक्रिया जनताको आवश्यकता र प्रदेशको विकासभन्दा दलहरूको स्वार्थ, पद बाँडफाँट र सत्ता समीकरणमा केन्द्रित हुन पुगेको छ ।

मधेश प्रदेशको पछिल्लो राजनीतिक अस्थिरतालाई यही सन्दर्भमा हेर्न आवश्यक छ । संघीयताको अभ्यासबाट प्रदेशले जनतालाई नजिकको सरकारको अनुभूति गराउनुपर्ने हो। शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, रोजगारी, पूर्वाधार र सुशासनका क्षेत्रमा ठोस उपलब्धि हासिल गर्नुपर्ने हो । तर, सरकारको स्थायित्व नै बारम्बार प्रश्नको घेरामा पर्दा नीतिगत निरन्तरता कमजोर हुन्छ । विकासका योजना प्रभावित हुन्छन्, प्रशासनिक संयन्त्र अन्योलमा पर्छ र जनताका समस्या ओझेलमा पर्छन् । मुख्यमन्त्री र मन्त्रीहरूको ध्यान जनताको कामभन्दा सरकार जोगाउने रणनीतिमा केन्द्रित हुनु प्रदेशको हितमा हुन सक्दैन्। यसको अर्को गम्भीर पक्ष संघीय राजनीतिसँग जोडिएको छ। केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेका शीर्ष नेताहरूबीच हुने सहमति, असहमति र सत्ता साझेदारीको प्रभाव प्रदेशमा समेत पर्ने गरेको छ । प्रदेशका राजनीतिक दलहरूले आफ्नै प्रदेशको आवश्यकता र जनमतलाई प्राथमिकता दिनुभन्दा केन्द्रको राजनीतिक निर्देशनअनुसार समीकरण बदल्ने प्रवृत्ति देखाउँदा संघीयताको मर्म कमजोर हुन्छ। संघीयता भनेको केन्द्रमा बनेको समीकरणको प्रतिलिपि प्रदेशमा लागू गर्नु मात्र होइन्। प्रदेशको विशिष्ट अवस्था, जनताको अपेक्षा र विकासका प्राथमिकता अनुसार स्वतन्त्र रूपमा निर्णय गर्न सक्ने राजनीतिक संस्कार विकास गर्नु पनि संघीयताको महत्वपूर्ण पक्ष हो।

२०७४ सालको पहिलो कार्यकालको तुलनामा दोस्रो कार्यकालमा मधेश प्रदेश सरकार सत्ता समीकरणको जोडघटाउ र सरकार परिवर्तनको बहसका कारण बढी आलोचित हुनु चिन्ताजनक विषय हो । प्रदेशमा सरकार फेरिने वा समीकरण बदलिने क्रमले जनतामा दलहरूप्रति निराशा बढाएको छ। पटकपटक सत्ता संघर्ष दोहोरिँदा लोकतान्त्रिक संस्थाप्रतिको विश्वाससमेत कमजोर हुन सक्छ । सरकार परिवर्तन नै समस्याको समाधान हो भन्ने सोच पनि गलत हो । सरकारको नेतृत्व फेरिएर मात्र प्रदेशको अवस्था फेरिँदैन्। मधेशका नागरिकले स्थिर सरकारसँगै सुशासन, रोजगारी, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा र विकासको अनुभूति खोजिरहेका छन्। राजनीतिक दलहरूले जनताको यही अपेक्षालाई केन्द्रमा राख्न सके मात्र उनीहरूप्रतिको खस्किँदो विश्वास पुनःस्थापित हुन सक्छ। अन्यथा, सत्ताको जोडघटाउमा रमाउने दलहरूलाई जनताले आगामी निर्वाचनमा उचित जवाफ दिनेछन् । त्यसैले मधेश प्रदेशलाई अहिले आवश्यक परेको कुरा केवल नयाँ सत्ता समीकरण होइन । स्थिर, सक्षम र जनउत्तरदायी सरकार हो। सत्ता कसको हातमा पुग्छ भन्नेभन्दा पनि त्यो सत्ताले जनताका लागि के गर्छ भन्ने प्रश्न महत्वपूर्ण छ। राजनीतिक दलहरूले यो सत्य आत्मसात् गर्न सके मात्र मधेशमा संघीयताको जग बलियो हुनेछ र प्रदेश सरकारप्रति जनताको भरोसा पुनःस्थापित हुनेछ। यसैले मधेश प्रदेश सरकार बलियो र स्थिर हुन जरुरी छ। दलहरु आफ्नो स्वार्थभन्दा जनताप्रति जिम्मेवार र जवाफदेहि हुनु जरुरी छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

# वालेनको धोती

## यहाँ वालेनको धोती वेदाग मान्न सकिएला तर जनजीविका उतिकै कष्टकर बन्दै गएको अनुभूति चौतर्फी गर्न थालेपछि हुण्डरी आउनुअघिको शान्त वातरावरण देखिएको मात्र हो ।



सीएन थारू




गान्धीको धोती र वालेनको धोतीमा फरक छ। वालेनले जनकपुरधामको तिरहुतिया गाछीमा मधेश प्रदेशस्तरीय आमसभालाई सम्बोधन गर्ने क्रममा धोती र गम्छा बेरे। मैथिली भाषामा आफ्नो भनाइ राखे। उनी भन्दै थिए अब काठमाडौं घुम्न जाने हो, अधिकार माग्न होइन। अनि चुनावको माहोल बनाउन योगदान गरे। फलस्वरुप मधेश प्रदेशको ३२ निर्वाचन क्षेत्रमा ३०वटा सिट हात पारे। गान्धी निर्वाचन फेस गरेन तर भारतको राष्ट्रपिता कहलिए। भारतीय नोटमा गान्धीको फोटो राखियो। विश्वभरि गान्धीलाई अहिंसा र शान्तिका दूत बुझ्ने गरिन्छ।

वालेन प्रधानमन्त्री भएको छ महिना पार भइसक्यो। यस अवधिमा उनी नेतृत्वको सरकारबाट औंलामा गन्न सकिने त्यस्तो कुनै जनपक्षीय एवं प्रभावकारी काम गरेको महसुस जनताले गर्न सकेका छैनन् । संसद्मा ३५ वर्षमा पुराना दलले के गरे भन्ने प्रश्न उठ्यो। वर्तमान संसदीय गतिविधि हेर्दा १४५ दिनको बैठक औसत रहे। सरकार लगभग दुईतिहाईको भएर पनि संसद्लाई विजनेस दिन नसकेकै हो र अधिकांश समय शून्य समयमा विताउन बाध्य हुँदा देश कसरी बन्ने हो ? विचारणीय प्रश्न छ। सम्भवतः वालेन सरकारमा अध्यादेशमार्फत देश हाँक्ने मनोदशा व्याप्त छ।

सरकारको एक सय दिनको सय काम बेवारिसे भए। समाजवादी नीतिको बदलामा राष्ट्रिय पुँजिपति निर्माण गर्ने भन्दै अल्ट्रा मोडर्निष्ट नीतिको समर्थनमा लगानी नीजिमैत्री बनाउने प्रयत्न गरिए पनि बजार व्यवस्था अस्तव्यस्त बन्यो, महँगी आकाशिनेलगायत बेरोजगारी बढ्दो छ र सरकार किंकर्तव्यविमुढ । यी तमाम विषयमा प्रश्न उठ्दा सरकारका पक्षबाट ३५ वर्षको व्यथिति निमेष भरमा नै समाधान हुन्न भनी जवाफ फर्काउनेहरूको कमी देखिन्न । यसले प्रमाणित गर्छ कि दास र औपनिवेशीकरण लायक रहेछौं हामी। सपना हाम्रा कैद गरिएका छन् र वालेनको धोती फुस्किदै गरेको हामीलाई हेक्का छैन्। अर्थात् अन्धभक्त जन्माउने फ्याक्ट्री नेपालको राजनीतिमा संस्थागत हुँदै गएको हो भन्न सकिन्छ।

**देश बनाउने कसले ?**

वालेनले देश बनाउने टीम घोषणा त गरे तर उक्त टीमले नेतृत्व गर्ने ठोस योजना छैन। अझ राष्ट्रिय योजना आयोग पुनर्संरचना गर्न अनिवार्य भइसक्यो। निर्वाचनदेखि निर्वाचनसम्म देशलाई गोलचक्करमा घुमाई राख्ने र अस्पष्ट दृष्टिकोणमार्फत अलमल गराई राख्ने हो भने गरिबी दिनानुदिन बढ्दै जान्छ। त्यसले हाम्रो देशको अवस्था ग्रे लिस्टबाट बाहिर आउने छाँट देखिन्न। त्यस अर्थमा देश बनाउने जुक्ति प्रधान विषय हो। त्यसका लागि यो देशको प्राकृतिक र मानवीय स्रोतको आकलन हुन जरुरी छ।

जनताले सबै दललाई देश बनाउनका लागि जिम्मा दिएका हुन् । यहाँ कोही सरकारमा त कोही प्रतिपक्षमा होलान् । यो देश साझा भएको अर्थमा योजना साझा हुनुपर्ने हो । तर साझा योजना बनाउने नाममा यहाँ नौटंकी हुँदै छ र अन्ततः परिवर्तन दिवास्वप्न बन्दै गएका छन् । बुझ्नुपर्ने मूल विषय भनेको भूराजनीतिक परिवेश हो। यथार्थमा यो देशको अवस्थिति भारत र चीनबीच देखिए पनि लामो समयदेखि पश्चिमाको लगानी छ। सुरुमा ब्रिटिश इष्ट इन्डिया कम्पनी र पछि अमेरिकन लगानी २००४ सालदेखि हुँदै आएको कारण नेपालले आफूलाई शान्ति क्षेत्र घोषणा गरियोस् भन्दै संयुक्त राष्ट्रसंघमा प्रस्ताव लग्यो।

यति भएर पनि हामी कहाँ चुक्यौं ? भर्खरै चीन भ्रमणमा रहेका परराष्ट्रमन्त्रीसँगको सम्वादमा चिनियाँपक्षबाट सन्देश आयो कि टाढाको मित्रभन्दा नजिकको छिमेकी असल हुन्छ । यो सन्देश किन महत्त्वपूर्ण छ भने भूराजनीतिक संघर्षले इतिहासको कालखण्डमा सबैभन्दा ठूलो राजनीतिक घोटाला भएको र पुस्तान्तरणको नाममा नवयुवा पुस्ता शक्तिको नियन्त्रण गर्न पुग्नु तात्विक परिवर्तन होइन भनेर बुझ्नु गलत हुनेछ।

कार्ल मार्क्सको अर्थराजनीतिक चिन्तनबाट पनि निष्कर्ष निकालिएको छ कि उत्पादन साधन (मिन्स अफ प्रडक्सन) मा हुने रुपान्तरण अन्ततः समाजिक परिवर्तनको आधार तयार गर्छ। हाल सूचना र प्रविधिमा आएको क्रान्तिले समाज र राजनीतिक अवस्था बदलेको छ। एआईको प्रयोग संसारका सबै ठाउँ र उमेर समूहमा हुँदै आएको सन्दर्भमा मानिसको सोच्ने तरिका फरक हुँदै गयो। यसले राजनीतिको व्यवहारिक पक्षभन्दा पनि सामाजिक सञ्जालमा सुशासन खोजी गर्न लगाएको कारण असन्तोष कसरी व्यवस्थापन गर्ने भनी बुझाइ ठोस गर्न कठीन रहेको अनुभूति छ। त्यसले सुशासनको आधार तय गर्न अलमल बनाउने गरेकोले देश कसले बनाउने प्रश्न अहम् बनेको हो। यो प्रश्नको जवाफ तथ्य र तर्कसंगत हुनु जरुरी छ।

**देश बन्छ कसरी ?**

देश बन्छ तर कसरी ? यस सन्दर्भमा दुईटा पक्षमा ध्यान आकर्षण होस् भन्ने चाहन्छु। एक स्टेट क्राफ्ट र अर्को सोल क्राफ्ट। अहिले नेपाल एक प्रशासनिक राज्यभन्दा माथि उठ्न सकेन । आधुनिक राज्य संरचना देखिनु र सो अनुसार यहाँ सेवा प्रवाह हुने आधार तयार नहुनुको कारण स्टेट क्राफ्टसँग सम्बन्धित रहन्छ। नेपालको स्टेट क्राफ्ट यसरी भयो कि यहाँको साँस्कृतिक, भाषिक, जातीय एवं भौगोलिक विविधता देश विकासको बाधक ठहरिए। त्यसले यो देश हाम्रो स्वीकार गरे पनि राज्य आफ्नो भएको महसुस गर्नै पाएनन्। अर्थात् सोल क्राफ्ट यथार्थमा हुन सकेन।

देश बन्छ भन्ने आत्मविश्वास नै सोल क्राफ्टमार्फत जगाउँछ। त्यसको अर्थ नेपालमा विकास तथा पूर्वाधार आदि निर्माण गर्दा त्यस क्षेत्रबाट सुरुमा काठमाडौं आउने र पछि एयरपोर्ट हुँदै विदेश उड्ने मिसनका लागि कदापि होइन । बरु स्थानीय ठाउँमा नै उत्पादन भएका सामग्री बजारसम्म पठाउने अनि आर्थिक आधार बढाउने काममा केन्द्रित हुँदा राम्रो । तर पूर्वाधारको विकासले जीवन सहजभन्दा पनि महात्वाकांक्षालाई यसरी बढावा गर्‍यो कि उनीहरू आफ्ना आवश्यकता पूरा हुने अवस्था कि भारतीय भूमी अथवा खाडी मुलुकमा देख्न थाले। अब त नेपालका नवयुवाहरू गोराहरूको देशमा कंक्रिटको जंगलभित्र कैद छन्। उनीहरूका सपना र आकांक्षाले प्रमाणित गरे कि ब्रेन ड्रेन त हो नै यहाँ आर्थिक प्रवाह पनि देश बाहिर जान अब कसैले रोक्ने कुरो भएन।

यो विषम परिस्थितिमा देश बनाउने टीम अस्पष्ट हुने ? देश बनाउन योगदान दिनेहरू योजनाविहीन र गैरजिम्मेवार बन्ने ? अझ अहंकार पालेर निजी क्षेत्रलगायत वर्षौंदेखि प्राकृतिक श्रोत तथा संरक्षणसम्बन्धी ज्ञान जोगाएर राखेका विशिष्ट राष्ट्रहरूलाई असभ्य करार गरेर उनीहरूको मजाक उडाउने कामले लथालिंग व्यवस्थालाई नै लाभ हुने देखिन्छ । अहिले त देशहरू अन्तरनिर्भरतामा बाँच्ने गरेका छन् भने भूराजनीतिक विषय अहम् बन्नु स्वाभाविक ठहर्छ। यो भूराजनीति नेपाल देशलाई आफ्नो अवस्थामा फेरकदल ल्याउन यथार्थ बोध गराउँछ र सभ्यतागत रूपमा भारतसँग निर्भर रहँदै गर्दा पूर्वाधार विकास गर्न जापान, चीन, अमेरिकालगायत अन्य देशहरूसँग सम्बन्ध विस्तार गरयो। त्यसको सीमा किटानी गरिल्याएको देखिन्छ तर सभ्यतागत सामिप्यताले भारतसँग नेपालको विशेष साँस्कृतिक, राजनीतिक तथा आर्थिक सम्बन्ध रहेको छ। त्यसलाई मध्य नजर गर्दै भारतको आवश्यकता नेपालका लागि जति छ त्योभन्दा अधिक नेपालको आवश्यकता भारतका लागि छ।

**सरकारको कार्यशैली**

दुईतिहाई नजिकको सरकारले बलियो विपक्षीको आभावमा मनमानी गर्ने रोग पुरानै हो। सरकारपक्षीय दलले अरु बाँकी दलहरूसँग सम्वाद र सरकार्य गर्ने त परको विषय ३५ वर्षे हिसाब खोजी गर्दै पुराना र नयाँको

बाँकी पृष्ठ ३ ▸▸

## गोलबजारका तत्कालीन मेयरसहित सात ...........

उनीहरूको भूमिका र आरोपपत्रमा उल्लेखित विवरणअनुसार फरक-फरक रहेको छ।

आयोगले राजस्व संकलन तथा ठेक्का व्यवस्थापनमा भएको अनियमितताका कारण सार्वजनिक सम्पत्तिमा हानि-नोक्सानी पुगेको ठहर गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको हो।

आरोपपत्र दायर भएसँगै अब मुद्दाको निरूपण विशेष अदालतबाट हुनेछ। प्रतिवादीहरूमाथि लगाइएका आरोप अदालतबाट पुष्टि हुन बाँकी छन्।

## आजको राशिफल

| | |
|---|---|
| **मेष :** | दिन राम्रो छ । दाजुभाइसँगको सहकार्यमा फाइदा हुनेछ । राजनीतिक क्षेत्रमा अवरोध हुनेछ। |
| **बृष :** | शिक्षामा प्रगति हुनेछ । खानपानमा ध्यान नजाँदा स्वास्थ्यमा समस्या हुनेछ। विदेशको रमझमले मन आकर्षित गर्नेछ। |
| **मिथुन :** | दिन राम्रो छ। धार्मिक कार्यमा सहभागी हुने अवसर मिल्ने छ। ठुला व्यक्तिसँगको सहकार्यले नयाँ योजना बन्नेछन्। |
| **कर्कट :** | दिन राम्रो छ। जग्गाको कारोबारमा फाइदा हुनेछ। सञ्चित धन खर्च हुनेछ। संकटमा परिवारको साथ मिल्ने छ। |
| **सिंह :** | दिन राम्रो छ। लामो समयपछि साथीसँग भेट हुनेछ। व्यापारमा नाफा हुनेछ। परिवारको साथ र सहयोगले मन शान्त बन्नेछ। |
| **कन्या :** | दिन राम्रो छ। परिवारको साथमा लिएको निर्णय सफल बन्नेछ। प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ। |
| **तुला :** | दिन राम्रो छ । शिक्षा र स्वास्थ्यमा लाभ हुनेछ। राजनीतिक क्षेत्रमा महत्त्वपूर्ण अवसर प्राप्त हुनेछ। |
| **वृश्चिक :** | दिन सामान्य छ । मन अशान्त बन्नेछ। अग्रजको सल्लाहमा अगाडि बढ्नुपर्ने दिन छ। |
| **धनु :** | दिन राम्रो छ। आम्दानीका स्रोत सबल छन्। स्वास्थ्यमा सुधार हुनेछ। शिक्षामा थप मिहिनेत आवश्यक हुन्छ। |
| **मकर :** | दिन राम्रो छ। बौद्धिक विपक्षी भएकाले शान्त बन्नुपर्ने देखिन्छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ। |
| **कुम्भ :** | दिन राम्रो छ। धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गर्नु उचित हुन्छ। |
| **मीन :** | दिन राम्रो छ । बौद्धिक क्षेत्रको संघर्षबाट लाभ प्राप्त हुनेछ । सहकर्मीसँग जोगिएर काम गर्नुपर्ने देखिन्छ। |



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मधेशको 'लाइफलाइन' बैलगाडा: कृषि उत्पादन ओसार्न गाउँमा अझै गोरुकै भर



**अपन दैनिक संवाददाता**
**सप्तरी, कार्तिक १० गते**

अत्याधुनिक कृषि औजार र आधुनिक यातायातका साधनको विकास भए पनि मधेशका ग्रामीण भेगमा खेतबारीबाट बाली भित्र्याउन किसानका लागि अझै पनि बैलगाडा नै निर्विकल्प सारथि बनिरहेको छ।

सप्तरीसहित तराई-मधेशका भित्री ग्रामीण बस्तीमा मुख्य अन्नबाली धान, मकै र गहुँ खेतबारीबाट घर पुऱ्याउन किसानहरू परम्परागत गोरुगाडामै निर्भर छन्।

सुगम र सहरी क्षेत्रमा खेत जोत्न, माटो सम्याउन र पराल दाइँ गर्न आधुनिक ट्याक्टरको दबदबा बढे पनि ग्रामीण भेगमा भने बैलगाडाको आवश्यकता र प्रभाव अझै घटेको छैन।

उखु, धान, पराल, मल, रहरी, चना र तोरीजस्ता कृषि उपज ओसारपसार गर्नदेखि कुटानी-पिसानीका अन्न मिलसम्म पुऱ्याउन किसानका लागि यो साधन सबैभन्दा सहज माध्यम बनेको छ।

महदेवा गाउँपालिका-५ भगपतपुरका दशरथ मण्डल पुर्खादेखि चलिआएको बैलगाडाको परम्परालाई अहिले पनि निरन्तरता दिइरहेका छन्।

'मलाई सम्झना भएदेखि नै घरमा बैलगाडा छ,' मण्डल भन्छन्, 'दुई दशकअघिसम्म टोलका अधिकांश घरमा दुई वटा गोरु र बैलगाडा अनिवार्य हुन्थ्यो। यात्रा गर्न, भारी ओसार्न मात्र होइन, जन्ती जान र बेहुली ल्याउन समेत बैलगाडाकै प्रयोग गरिन्थ्यो।'

प्रविधिको महँगो खर्च धान्न नसक्ने साना किसानका लागि अझै पनि गोरु नै मुख्य सहारा हुन्। तराईका अधिकांश ग्रामीण भेगमा खेत जोत्न, पाटा लगाउन र पराल दाइँ गर्न गोरुकै प्रयोग हुँदै आएको राजविराज नगरपालिका-१३ का किशुनदेव यादव बताउँछन्।

आधुनिक मेसिनभन्दा घरमै पालिएका गोरु र काठको गाडा किसानका लागि आर्थिक रूपमा समेत किफायती मानिन्छ।

बैलगाडा ढुवानीको साधन मात्र नभई मधेशको मौलिकता र सांस्कृतिक पहिचानको प्रतीक समेत रहेको तिरहुत गाउँपालिका गोइठीकी मेरिना देवको बुझाइ छ।

'विगतमा ग्रामीण क्षेत्रको ऐतिहासिक र महत्त्वपूर्ण सवारीका रूपमा बैलगाडाको प्रतिष्ठा बेग्लै थियो,' उनले भनिन्, 'वर्षातको तुलनामा हिउँद महिनामा खेतबारीबाट बाली ओसार्न यसको प्रयोग झनै व्यापक हुने गर्दछ।'

अपन दैनिक
○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# लागुऔषध कारोबार र अनैतिक गतिविधिको आरोपमा होटल सञ्चालक पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक १० गते**

सिरहाको सिरहा नगरपालिका-१७ खैरटोकाबाट होटल सञ्चालक अशोक यादव पक्राउ परेका छन्।

होटलमा लागुऔषध कारोबार तथा अनैतिक गतिविधि सञ्चालन गरेको आरोपमा यादवलाई प्रहरीले पक्राउ गरेको हो।



सिरहाका प्रहरी उपरीक्षक (एसपी) बासुदेव पाठकका अनुसार यादवलाई गए राति पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सिरहा ल्याइएको छ। उनीमाथि लागेको आरोपबारे प्रहरीले अनुसन्धान अघि बढाएको छ।

एसपी पाठकले अनुसन्धान जारी रहेकाले थप विवरण अनुसन्धान पूरा भएपछि मात्र सार्वजनिक गर्न सकिने बताएका छन्।

## वालेनको धोती ...........

वर्गीकरण गरेर अलमल गरी छ महिना बितायो। जनजीविका र दैवी प्रकोप एवं बाढी पहिरोमा परेर मृत्युवरण गर्नेहरूलगायतको उद्धार गर्नुपर्दा किंकर्तव्यविमुढ भएको देख्दा यो सरकार जनपक्षीय नभएर देशमा गम्भिर विपत् ल्याउने हो कि भन्ने आशंका बढ्दो छ। एक कचौडी, दो पकौडावाला भाष्य यो सरकारको लागि सान्दर्भिक लाग्ने होला।

सरकारको छ महिना अवधि निराशाजनक देखिन्छ। विशेष गरी नवयुवाहरू जसले शहरी विद्रोहमार्फत ओली नेतृत्वको सरकारको पतन मात्र होइन अन्ततः मौजुदा संसद् नै भंग गर्न लगाए, ती आज जेलमा छन्। अहिले न त कार्की आयोगको प्रतिवेदन सार्वजनिक गरेको छ न मानवअधिकार आयोगको प्रतिवेदन नै कार्यान्वयन गरियो। अझ प्रश्न उठाउनेहरूको सामाजिक सञ्जालमा हुर्मत लिने गरिएको छ। यथार्थमा सरकार आफ्ना कमजोरी ढाकछोप गर्न विभिन्न तुरुप उपयोग गर्दै छ। सारमा, अल्गोरिदमले व्यक्तिलाई चलायमान बनाउला तर अर्थतन्त्रलाई होइन। जबसम्म अर्थतन्त्र चलायमान देशमा हुने अवस्था बन्दैन, आर्थिक समृद्धिको परिकल्पना साकार गर्न कठीन हुनेछ।

अन्त्यमा, वालेनको धोतीमा सबैदलका नेतृत्व लपेटिन पुगे। उनीहरू एक्का ट्रायल (एल्गोरिदम, आर्मी र अमेरिका) अगाडि फिक्का पर्दै छन्। सरकार सेवा प्रदायकभन्दा पनि सम्पूर्ण शक्ति आफ्नो रक्षा गर्न तयार देखिनु र राज्य संयन्त्र पनि यी कामका लागि नै उपयोग गर्ने गर्दा जोगी देखेर भैंसी डराउने र भैंसी देखेर जोगीको खेल चल्दै छ। राजनीतिक परिवेश थप संकटग्रस्त भएर कुनै वेला नेपाल असफल राज्य पो बन्ने कि डर छ।

भर्खरै अमेरिका र रुसको बीचमा युक्रेनलाई लिएर छलफल भएको समाचार छ। अहिले युक्रेनियन राष्ट्रपति जेलेन्सकी देश सम्हाल्न नसकेको आरोप छ र अमेरिकन राष्ट्रपति ट्रम्प यो विषयमा प्रतिक्रिया दिएका छन् कि अब जेलेन्सकीको उपयोगिता सकियो। यसलाई कुनै स्वतन्त्र देशको आन्तरिक मामिलामा हस्तक्षेप भन्न सकिएला तर भूराजनीतिमा शक्ति राष्ट्रहरूबीचको प्रतिस्पर्धामा अन्य साना राष्ट्र अस्तित्वगत संकट व्यहोर्न अभिशप्त छन्। नेपालको सन्दर्भमा समेत यही नियति भोग्ने गरी भूराजनीतिक संघर्ष पेंचिलो बन्दै गएको ठहर हुँदै छ।

यो सरकारसँग न विकास दृष्टि छ न भविष्यको दृष्टिकोण। यस अस्पष्ट पक्षका बाबजुद अमेरिकाकै लागि संकट उत्पादन गर्न सक्ने अल्गोरिदम उपर नियमन बढाउने कोसिस हुँदै छ। डिजिटल वारको अनपेक्षित सम्भावनालाई अब कसरी अर्को स्वरुपमा बदल्ने हो चिन्ता बढे पनि म्यानुपुलेसन सम्भव छ। नियन्त्रणभन्दा बाहिर जान दिने गुञ्जायस पक्कै छैन। त्यस अर्थमा हामीले सोंच्न सक्छौं सामाजिक सञ्जाल र अल्गोरिदमले हाम्रो जीवन चल्ला तर देश चल्दैन, कि कसो? यहाँ वालेनको धोती वेदाग मान्न सकिएला तर जनजीविका उतिकै कष्टकर बन्दै गएको अनुभूति चौतर्फी गर्न थालेपछि हुण्डरी आउनुअघिको शान्त वातरावरण देखिएको मात्र हो।

वालेन्द्र नेतृत्व सरकारको कार्यशैली संदेहपूर्ण देखिने गतिविधिसँग मेल खान्छन्। स्वशासनको नाममा मनमानी गर्न थाल्ने जुनखाले प्रवृत्ति विकास हुन खोजिरहेको छ सायद। यसको राजनीतिक दुष्प्रभाव लामो समय जान सक्छ। राजनीतिमा सेनाको प्रभाव बढाउने विभाजनको वहुआयामिक पक्षलाई समाजमा टेवा प्रदान गर्न थालनी गरेपछि यो वाह्य हस्तक्षेपका लागि बलियो आधार बन्न जाने छ। यसका लागि औषधि गर्नुभन्दा राम्रो रोग नै लाग्न नदिनु जाति भनिए जस्तै यति वेला दलीय सहमतिलाई पनि उतिकै देशको हितमा उपयोग गर्ने वातावरण बन्न जरुरी छ। हेक्का रहोस् संयुक्त राष्ट्रसंघ आफैं संरचनागत संकट व्यहोर्न बाध्य रहेको यो परिवेशमा नेपाल जस्ता साना मुलुक चीनले सुझाए झैं टाढाको मित्रभन्दा नजिकको छिमेकी असल भन्ने विषय महत्त्वपूर्ण राजनीतिक संदेशको रूपमा आत्मसात् गर्नुपर्छ।

## मिर्चैयाको कटारी चोकमा अव्यवस्थित अटो पार्किङ ...............

ध्यानमा राखेर सवारी सञ्चालन र पार्किङ व्यवस्थापन गर्न सके आवागमन सहज हुने उनीहरूको भनाइ छ।

**रुटसम्बन्धी नियम**

जिल्ला ट्राफिक कार्यालय लहानका अनुसार सिटी सफारी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने र त्यसको व्यवस्थापन सम्बन्धित नगरपालिकाले गर्ने व्यवस्था छ।

स्थानीयका अनुसार मिर्चैयाबाट उदयपुरको कटारी करिब २६ किलोमिटर र सिन्धुलीको दुधौली करिब ३० किलोमिटर टाढा पर्छन्। यस अवस्थामा अटोको निर्धारित सञ्चालन क्षेत्र र वास्तविक आवागमनबीचको अवस्थाबारे प्रभावकारी अनुगमन हुनुपर्ने उनीहरूको माग छ।

मिर्चैया मधेश प्रदेशमा, कटारी कोशी प्रदेशमा र दुधौली बागमती प्रदेशमा पर्ने भएकाले अन्तरजिल्ला तथा अन्तरप्रदेशमा सञ्चालन हुने अटोको रुट, अनुमति र कागजातसम्बन्धी व्यवस्था स्पष्ट गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने स्थानीयको भनाइ छ।

यसैबीच, केही अटो चालकसँग आवश्यक सवारीचालक अनुमतिपत्र तथा कागजात नभएको र उदयपुरको बेलसोत क्षेत्रमा ट्राफिक प्रहरीसँगको मिलेमतोमा सवारी सञ्चालन हुने गरेको आरोपसमेत एक स्रोतले लगाएको छ। स्रोतले चालकबाट मासिक रूपमा रकम उठाउने गरिएको दाबीसमेत गरेको छ। यद्यपि, यी आरोपको स्वतन्त्र पुष्टि हुन सकेको छैन। यस विषयमा उदयपुर ट्राफिक प्रहरी सित प्रतिकृया लिन खोज्दा सम्पर्क हुन सकेन।

**पटक-पटक गुनासो गर्दा पनि समाधान नभएको व्यापारीको भनाइ**

स्थानीय व्यापारी तथा बासिन्दाले अव्यवस्थित पार्किङ र अटो तथा सिटी सफारीको सञ्चालनबारे सम्बन्धित निकाय तथा ट्राफिक प्रहरीलाई पटक-पटक जानकारी गराए पनि प्रभावकारी समाधान नभएको गुनासो गरेका छन्।

उनीहरूले कटारी चोकमा जथाभावी पार्किङ नियन्त्रण गर्न, बजार क्षेत्रमा ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन, अटो तथा सिटी सफारीको रुट र सञ्चालन समय व्यवस्थित गर्न तथा नियमविपरीत सञ्चालन हुने सवारीसाधनमाथि कानुनअनुसार कारबाही गर्न माग गरेका छन्।

व्यापारीहरूको मुख्य माग बजारको सडकलाई व्यवस्थित बनाउनु, सवारीसाधनको आवागमन सहज बनाउनु र बाहिरबाट आउने ग्राहक तथा यात्रुले सहज रूपमा बजारमा किनमेल तथा अन्य सेवा लिन सक्ने वातावरण तयार गर्नु रहेको छ।




स्वदेशी वस्तुको प्रयोग गरौं।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं!

सिरहा नगरपालिका
११ नं. वडा कार्यालय, भलुवाही
मधेश प्रदेश, सिरहा (नेपाल)

# मतदाता नामावलीबाट दुई लाख भन्दा बढीको नाम हट्यो, किन ?

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक १० गते**

निर्वाचन आयोगले मृत्यु भएका, दोहोरो नाम परेका, नाम रद्द भएका तथा नागरिकता त्यागेका गरी दुई लाख तीन हजार ५८६ जनाको नाम मतदाता नामावलीबाट हटाएको छ।

आयोगका अनुसार हटाइएकामध्ये ४५ हजार ३२२ जना मृत्यु भएका मतदाता हुन् भने एक लाख ५८ हजार २६४ जनाको नाम दोहोरो परेको, रद्द भएको वा नागरिकता त्यागेको आधारमा हटाइएको हो।

मतदाता नामावलीबाट सबैभन्दा धेरै नाम हटाइएका जिल्लामा झापा, मोरङ, सप्तरी र कैलालीलगायत छन्। सप्तरीमा मृत्यु भएका ६ हजार ३०१ र अन्य कारणले ४ हजार ८७ जनाको नाम हटाइएको छ। कैलालीमा मृत्यु भएका एक हजार ३९ र अन्य कारणले ६ हजार ५२५ जनाको नाम हटेको छ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आगामी स्थानीय तह र प्रदेशसभा



निर्वाचनको पूर्वतयारीस्वरूप मतदाता नामावली अद्यावधिक भइरहेको छ। भदौ १५ गतेसम्म १८ वर्ष उमेर पूरा भएका तथा नयाँ नाम दर्ता गराएका एक लाख ८७ हजार ६८६ जना मतदाता थपिएका छन्।

आयोगले आगामी स्थानीय तह निर्वाचनअघि मतदाताको राष्ट्रिय परिचयपत्र नम्बर र मोबाइल नम्बरसमेत अद्यावधिक गर्ने तयारी गरेको छ।

# छोरीले कोर्ट म्यारिज गरेपछि धनुषाका रास्वपा सभापतिले दिए 'हराएको' निवेदन, एसपीलाई गालीगलौज

## सार्वजनिक कार्यक्रममा नै रास्वपा सभापतिले लाञ्छना लगाएपछि एसपीको कडा प्रतिवाद

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, कार्तिक १० गते**

छोरीले कोर्ट म्यारिज गरेपछि रन्थनिएका रास्वपाका धनुषा जिल्ला सभापति लक्ष्मेश्वर यादवले प्रहरीमाथि रिस पोखेका छन्। प्रहरीले छोरीको विवाह छुटाउन सहयोग नगरेकोमा असन्तुष्ट भएका उनले सार्वजनिक कार्यक्रममा नै जिल्ला प्रहरी प्रमुखमाथि अनेक लाञ्छना लगाए।

आइतबार पार्टीले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उनले एसपी रुपेश खड्कालाई 'घुसखोर', 'दलाल' जस्ता शब्द प्रयोग गर्दै गालीगलौज गरेका हुन्। कार्यक्रममा धनुषा क्षेत्र नम्बर २ का सांसद रामविनोद यादव, धनुषा क्षेत्र नम्बर ३ बाट सांसद मनिष झालगायत रास्वपाका नेता तथा कार्यकर्ताहरूको उपस्थिति थियो। कार्यक्रमको भिडियोमा सभापति यादव प्रहरी प्रमुखमाथि खनिइरहँदा उपस्थित नेता-कार्यकर्ताले





ताली बजाइरहेको र सांसद झा हाँसिरहेको देखिन्छ।

अपन दैनिकसँग कुरा गर्दै सभापति यादवले आफूले प्रत्यक्ष रूपमा नदेखे पनि सामान्य झगडाका घटनामा आर्थिक लेनदेन गरेर प्रहरीले मुद्दा दर्ता गर्ने गरेको आरोप लगाए। यस्ता घटनाबारे आफूलाई दर्जनौं व्यक्तिले जानकारी दिएको उनको दाबी छ।

'घरायसी झगडामा समेत ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरिएको भनेर मलाई कार्यकर्ताहरूले गुनासो गरिरहेका छन्,' उनले भने।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी खड्काले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै यादवको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन्। आफू र प्रहरी कार्यालयको नाम जोडेर लगाइएका आरोप आपत्तिजनक, भ्रामक र तथ्यहीन रहेको उनको भनाइ छ।

**के हो विवाहको विवाद ?**

प्रहरीका अनुसार हंसपुर नगरपालिका-८, भतही टोलका ५६ वर्षीय यादवले आफ्नी पारिवारिक महिला सदस्य हराएको भन्दै २०८३ असोज १७ गते जिल्ला प्रहरी कार्यालयमा खोजतलासका लागि निवेदन दिएका थिए। तर, प्रहरीले बुझ्दा ती महिला हराएको नभई कोर्ट म्यारिज गरेर हिँडेको पाइयो।

काठमाडौं जिल्ला अदालतबाट असोज ८ गते नै विवाहको नाता कायम गराइसकेको र असोज १४ गते आफ्नो पतिसँग गएको खुलेको प्रहरीको विज्ञप्तिमा उल्लेख छ। प्रहरीले दुई पक्षलाई प्रत्यक्ष कुराकानी गराउनुका साथै विवाहसम्बन्धी प्रमाण देखाएर वास्तविक अवस्थाबारे यादवलाई जानकारी गराएको थियो। तर, आफ्नो मञ्जुरीबिना विवाह भएको भन्दै यादवले सम्बन्धित व्यक्तिहरूलाई पक्राउ गरी जबर्जस्ती छुटाइदिन दबाब दिएका हुन्।

प्रहरीका अनुसार यादवकी छोरीले गरेको विवाह कानूनतः वैध छ। केटी २७ वर्षकी र केटा २३ वर्षका हुन्। जात नमिलेको र केटाको आर्थिक स्तर कमजोर रहेकाले यादवले स्वीकार नगरेको बुझिएको छ। उनले हजारौं मानिस ल्याएर जिल्ला प्रहरी कार्यालय घेराउ गर्ने धम्की दिएको र त्यसपछि सार्वजनिक कार्यक्रममा प्रहरी प्रमुखमाथि आरोप लगाएको विज्ञप्तिमा उल्लेख छ।

एसपी खड्काले आफूविरुद्ध लगाइएका आरोप पुष्टि गर्न चुनौती दिँदै अपुष्ट सामग्री सामाजिक सञ्जालमा शेयर नगर्न आग्रह गरेका छन्। घटनाबारे प्रचलित कानुनबमोजिम अघि बढ्ने उनको भनाइ छ।

स्रोतका अनुसार रास्वपा कार्यकर्ताहरुले एसपी खड्कालाई गैरकानुनी रुपमा काम गर्न दबाब दिँदै आएको छ। तर एसपीले अस्वीकार गर्दा उनीहरु चिढिएको अवस्था छ।

## १६ किलो गाँजा ...........

उपरीक्षक विष्णुप्रदीप बस्यालको नेतृत्वमा खटिएको प्रहरी टोली र लागुऔषध नियन्त्रण ब्युरो, शाखा कार्यालय गोलबजारको संयुक्त टोलीले ठाकुरको घरभित्र खानतलासीको क्रममा ३ किलो ५ सय २० ग्राम र घरबाट करिब ५० मिटर पूर्व सरे खोलाको कासघारीबाट १२ किलो ७ सय ५० ग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ।

दुवै स्थानबाट बरामद गरिएको पदार्थको कुल तौल १६ किलो २७० ग्राम रहेको जनाउँदै प्रहरीले ठकुरीलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय लहानमा राखेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।




## रास्वपा मधेश संगठनको अडिट रिपोर्ट: तल्लो तहका नेताहरूको ...........

छलफल गरेको थियो। समिति सदस्य पुनम अग्रवालले सबै जिल्लामा समान प्रकृतिका विवाद रहेको जानकारी दिइन्।

'संगठनमा एउटा जिल्लामा मात्रै विवाद छैन। सबैतिर उस्तै समस्या छ,' अग्रवालले अपन दैनिकसँग भनिन्, 'पालिका, जिल्ला अधिवेशन हुन सकेको छैन। रास्वपा परिवार ठूलो भयो। पार्टी ठूलो भएपछि अपेक्षा पनि सबैको बढी हुने रहेछ।'

पार्टी सदस्यता वितरण र प्रतिनिधि चयनमा भएको विवादले मधेशका सात जिल्लाको अधिवेशन हुन सकेको थिएन। आठ जिल्लामध्ये पर्साको मात्रै अधिवेशन सकिएको छ। बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीको अधिवेशन नगरी केन्द्रीय महाधिवेशन भएको थियो।

पालिका र जिल्ला अधिवेशन हुन नसक्नुमा प्रदेश समिति र स्थानीय नेताहरू जिम्मेवार रहेको निष्कर्ष समितिले निकालेको छ।

मधेशमा जातीय राजनीतिको प्रभाव बढी रहेको टोलीमा रहेका नेता एवं सांसद जगदीश खरेल (दोलखा)ले दाबी गरे। 'पुराना दलहरूमा जस्तै एउटा थरको राजनीति मधेशमा देखियो। पहाड र मधेशको राजनीतिमा फरक रहेछ,' उनले भने।

मधेशमा अधिवेशन हुन नसक्नुमा तल्लो तहको अधिवेशन गर्न प्रर्याप्त समय नदिई कार्यतालिका ल्याउनु पनि कारण रहेको अडिट टोलीको बुझाइ छ।

मधेश प्रदेशका सभापति तपेश्वर यादवको भूमिकालाई लिएर रास्वपाभित्र उनीमाथि प्रश्न उठ्दै आएको छ। सभापति रवि लामिछानेले मधेशका सांसदहरूसँग छलफल गरेको समयमा तपेश्वर यादवले आफ्नो समुदायलाई मात्रै प्रश्रय दिएको भन्दै उनको आलोचना भएको थियो।

अडिट समितिले प्रदेश कमिटीले विधिसंगत कार्य गर्न नसकेको निष्कर्ष पनि निकालेको छ। समिति सदस्य खरेल भन्छन्, 'त्यहाँको कमिटीले पनि आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्न नसक्दा समस्या आयो। एकले अर्काको नेतृत्व नस्वीकार्दा विवाद भएको देखिन्छ।'

मधेशको संगठनमा समस्या उत्पन्न हुनुमा पुराना र नयाँबीचको टकराव पनि कारण रहेको नेताहरूको ठम्याइ छ। पार्टी गठनसँगै रास्वपामा जोडिएका र चुनावको मुखमा प्रवेश गर्नेहरूको टकराव मधेशमा देखिएको छ।

खरेल भन्छन्, 'पुराना साथीहरूलाई अलिकति उपेक्षा गरेर आफ्नै तरिकाले संगठन चलाउन खोजेको देखियो। सांसदहरूले पनि पार्टी पोलिटिक्समा अलिअलि हस्तक्षेप गरेको हो कि जस्तो देख्यौं।'

सदस्यता वितरण प्रणालीले पनि पार्टीमा समस्या उत्पन्न भएको अडिट सदस्य पुनम अग्रवाल बताउँछिन्। प्रदेश महामन्त्रीभन्दा बाहेकका व्यक्तिबाट पनि साइटमा सदस्यहरूको सूचीकृत गरिँदा संगठन विवादित बनेको उनी बताउँछिन्।

'पोर्टलमा बिहान एउटा नाम हुन्छ, बेलुका त्यो व्यक्तिको ठाउँमा अर्कैको इन्ट्री भएको छ,' अग्रवाल भन्छिन्, 'सदस्यता अनलाइनबाट जसले पनि लिन पाइयो। झन् अहिले त सदस्यता शुल्क नै छैन। हिजोको दिनमा एक हजार रुपैयाँ हुँदा मान्छेले सदस्यता लिन सोच्थें। अहिले जो पनि हुन पायो।'

मधेशको संगठनमा समस्या हुनुमा आसन्न स्थानीय चुनावको उम्मेदवारी पनि भएको टोलीको बुझाइ छ। टिकट स्थानीय तहका नेताहरूले नै वितरण गर्ने तयारी भएको कार्यकर्ता र शुभेच्छुकको बुझाइ हुँदा पदीय भूमिका खोज्नेहरू बढेको अडिट समितिका सदस्य खरेल बताउँछन्।

रास्वपाले प्राइमरी इलेक्सनमार्फत व्यक्तिको क्षमता, सांगठिनक क्रियाशिलता, छवि, योग्यता, उम्मेदवार एकेडेमीको प्रस्तुतिलगायत मूल्यांकन गरेर मात्रै उम्मेदवार छनोट गरिने विधि बनाएको छ। रास्वपाबाट गाउँपालिकाको जनप्रतिनिधि हुन इच्छुकलाई भदौ १ गतेदेखि र नगरपालिकाको उम्मेदवार हुनका लागि असोज २९ देखि आवेदन खुला गरिएको छ।

कार्यदलले विवादित स्थानका अधिवेशन पनि नयाँ समिति गठन गर्नुपर्ने रायसमेत पार्टीलाई दिएको छ। १० भन्दा बढी पालिकामा अधिवेशन विवादित रहेको खरेलले जानकारी गराए। त्यस्ता स्थानमा विवाद साम्य हुने गरी नयाँ नेतृत्व चयन गर्न सुझाव दिइएको छ। मधेशको अधिवेशन गरेर मात्रै स्थानीय चुनावमा जानु उपयुक्त हुने अडिट टोली सदस्य खरेल बताउँछन्।

मधेशमा अधिवेशनको वातावरण बनाउन सभापति लामिछाने स्वयं जाने तयारी गरे पनि पछि स्थगित गरेका थिए। सभापति लामिछाने मधेशका जिल्ला भ्रमणमा नजाने भएपछि अध्ययन समिति गठन गरिएको थियो।







